आर्थिक वर्ष २०७९/०८० को

# नीति, कार्यक्रम तथा बजेट

खाँडाचक्र नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मान्म, कालिकोट

कर्णाली प्रदेश, नेपाल

**"कृषि शिक्षा, स्वास्थ्य, पर्यटन, संचार समुन्त खाँडाचक नगरपालिकाको लागि सवल स्थानीय सरकार"**

**सभा अध्यक्ष ज्यू,**

सर्वप्रथम म खाँडाचक्र नगरपालिकाको तर्फवाट हार्दिक अभिवादन एवं स्वागत गर्दछु । संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानवाट स्थापित खाँडाचक्र नगरपालिकाका नागरिकको प्रतिनिधिमुलक गरिमामय नगरसभाको यस वैठकमा आगामी आर्थिक वर्ष २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न खाँडाचक्र नगरपालिकाको उप प्रमुखको हैसियतले उपस्थित भएको छु ।

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एवं अधिकार सम्पन्न वनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाईते तथा अपांग नागरिक प्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

मुलुकमा संघिय शासन व्यवस्था स्थापन भए पश्चात दोश्रो जन निर्वाचित स्थानीय सरकारको हिसावले पहिलो स्थानीय सरकारले अवलम्वन गरेका लक्ष्यहरुलाइ पुरा गर्न समग्र नगरको सर्वाङ्गिण विकास र सर्वोपरी हितलाई आत्मसाथ गरी हाम्रो नगरलाई समाजवाद उन्मुख समृद्ध नमूना नगर निर्माणको उद्देश्य सहित जनताले दिएको जिम्मेवारीलाई कार्यान्वयन गर्न प्रतिवद्धता सहित यो दोश्रो निर्वाचित सरकार आम खाँडाचक्र नगरबासी नागरीकको सेवामा सक्रियतापुर्वक अगाडी वढने प्रतिवद्धता यस सभा मार्फत जानकारी गराउदछु ।

**अध्यक्ष महोदय,**

यस नगरपालिका भित्र थुप्रै अवसर र संभावनाहरु रहेका छन । सकारात्मक सोचका साथ अगाडी वढेर सुन्दर र समुन्नत नगरपालिका निर्माण गर्न सकिने धेरै सम्भाबनाहरुको बिचबाट खाँडाचक्र नगरपालिकाले भएका सिमित श्रोत साधनहरुलाई भरपुर उपभोग गर्दै संघीय सरकार, प्रदेश सरकार अन्य बिकास साझेदार निकायहरु संग समन्वय गरी नगरपालिकाले लिएको लक्ष्यहरु पुरा गर्न ठूला तथा मझौला आयोजना, योजना, परियोजनाहरुलाई योजनाबद्ध तरिकाले बिकास गर्न तपसिल वमोजिमका क्षेत्रहरुमा आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## क.) आर्थिक विकास क्षेत्र

कृषि क्षेत्र :

१. खाँडाचक्र नगरपालिकामा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको मौलिक हकलाई कार्यान्वयन गर्न बाँझो जग्गा सदुपयोग गर्ने कार्य योजनालाई निरन्तता दिईने छ ।
२. आ.व.२०७९/०८० मा यस नगरका ११ वटै वडाहरुमा माटो परिक्षण गरी उपयुक्त वालीको पकेट क्षेत्र वनाउदै लगिने ब्यवस्था मिलाइने छ ।
३. कृषिमा आवद्द विभिन्न संघ संस्थाहरु संग समन्वय गरी एकद्वार प्रणाली मार्फत कृषि संग सम्वन्धित कार्यक्रमहरु संचालन गर्ने ब्यवस्था मिलाईने छ ।
४. आ.व. २०७९/०८० मा १० वर्षे कृषि रणनीतिक योजना तयार गरी सोही अनुसार कृषि संग सम्वन्धित कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने ब्यवस्था मिलाईने छ ।

५. खाँडाचक्र नगरपालिका क्षेत्र भित्र कृषि क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरु रहेकाले यस नगरपालिकामा कृषि उद्यम सम्बन्धी परियोजनाहरु विकास गरी कृषिमा लगानी बढाउन बैंक तथा वित्तीय संस्थाहरुसँग अन्तरक्रिया गरिने व्यवस्था मिलाईने छ ।

६. कृषि उत्पादनका बजारीकरण तथा विकासका लागि ग्रामीण पूर्वाधार तथा कृषि सडकहरुको विकास गरी खाद्यान्न, तरकारी, फलफूल जस्ता कृषि उपज संकलन केन्द्रहरु सम्म पुऱ्याउने व्यवस्था मिलाइने छ । यस्ता बाटो नपुगेका ग्रामीण क्षेत्रहरुको कृषि उपजका बजार पहुँच बढाउन बाटो पुगेका स्थानमा निमार्ण भएका कृषि संकलन केन्द्रहरुलाई संचालनमा ल्याइने छ ।

७. खाँडाचक्र नगरपालिकाका भित्रका वास्तविक कृषकहरुको विद्युतीय माध्यमवाट कृषक प्रमाण पत्र उपलव्ध गराउने कार्य संचालनलाई निरन्तरता दिइएको छ ।

८. कृषि उत्पादक र उपभोक्ता बीच रहेका धेरै तहका मध्यस्थकर्ताहरुलाई घटाइ कृषि उत्पादनको बजार मूल्यको अधिकतम हिस्सा किसान सम्म पुऱ्याउन समुह सहकारी मार्फत कृषि हाट वजारको ब्यवस्था मिलाईने छ ।

९. यस नगरपालिका भित्र फलफूल, तरकारी र उच्च मूल्यका कृषि वस्तुहरुको व्यवसायिक उत्पादन गर्न पकेट क्षेत्र घोषणा गरी किसानलाई मौरीपालन, च्याउ खेती, फलफूल व्यवसायमा आकर्षण गर्न प्रोत्साहन गरिनेछ ।

१०. कृषि उत्पादनलाइ चाहिने मल, बीउ, बिषादी, औषधी, उपकरण र अन्य आवश्यक सेवाहरु समुदाय स्तरमा पुग्ने गरी बजेट व्यवस्था मिलाईने छ ।

११. यस नगरपालिकाले स्थापना गरेको कृषि बिउ बैंकवाट रैथाने अन्न वालीहरु (मकै, कोदो, कागुनो, जुनेलो, फापर, चिनो) र प्राकृतिक प्रकोपवाट लोभ भएका अन्नवालीलाई संकलन र प्रर्वद्धन गर्ने ब्यवस्था मिलाईए छ ।

१२. मिश्रित खेती प्रणाली, रैथाने बाली, जडीबुटी खेती प्रवर्द्धन एवं वातावरण मैत्री कृषिमा प्रवर्द्धन गर्न कृषक समुहहरु, सामुदायिक वन, गैससहरुसँग हातेमालो गरी खाद्य सुरक्षा र पोषणमा ध्यान दिईनेछ ।

१३. यस नगरपालिका भित्रका पंचदेवल, गैरागाउँ, ताडी, च्युरेला, वद्रिगाउँ, गारुवा, सेरावाडा, खुदिल्लालाई तरकारी पकेट, तामाचौर, सरुपाटा, चेरङ्ग, महादेव, संगिनडाडा, दुधेगडा, चल्चौर लाई स्याउ पकेट र वेडुला, गोरेकाडा, तालाखोर, दहवन, कुनेगडा, गोठिलाई ओखर पकेट क्षेत्र वनाई थप विस्तार गरिने छ ।

१४. पुरानो वगैचालाई घेरवार सहित वगैचा ब्यवस्थापनका सम्पूर्ण कार्यहरु गरी आधुनिक प्रविधि अपनाई स्याउ, ओखर उत्पादन र वजारीकरणमा जोड दिईने छ ।

**पशु सेवा :**

१. खाँडाचक्र नगरपालिका कृषकहरुको गाई, भैसी, भेडा, बाख्रा उन्नत जातका लागि नश्ल सुधारका साथै कृत्रिम गर्भधान कार्याक्रमलाई निरन्ता दिइने छ ।

२. यस नगरपालिका भित्र भैसी ब्यवसाय गर्ने फर्म तथा किसानहरुलाई दुध, पशु आहारा र गोठालोलाई प्रोत्साहन भत्ताको ब्यवस्था मिलाईने छ ।

३. यस खाँडाचक्र नगरपालिका भित्र वाख्रा पालन गर्ने कृषकहरुलाई साना ब्यवसायी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम लाई निरन्तरता दिईने छ ।

४. दर्तावाला समुह/समितिलाइ विभिन्न तालिम, गोष्ठि सञ्चालन गरी नयाँ ज्ञान, सिप प्रबिधिको बिकास गर्दै कृषकहरुलाइ पशुपालन व्यवसायमा थप आकर्षण गराइने ब्यवस्था मिलाईने छ ।

५.	नगरपालिका वजार भित्र निर्मित वधशालालाई व्यवस्थित गरी मासु वेचविखनमा एकरुपता ल्याईने छ ।
६.	खाँडाचक्र नगरपालिकामा दर्ता भएका फर्म, समुह र सहकारीहरुलाई मागमा आधारीत व्यवसायीक प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।
७.	यस नगरपालिका भित्रका सवै वडाहरुमा लक्षित, वैदेशिक रोजगारवाट फिर्ता भएका र द्वन्द पिडित युवाहरुलाई स्वदेशमै आय आर्जनका लागि रोजगारमुलक व्यवस्था मिलाईने छ ।
८.	यस नगरपालिका भित्र आय आजर्न तथा स्वरोजगार कार्यक्रमका लागि माछापालन, पशु पालन, कुखुरा पालन, वंगुर पालन जस्ता कार्यक्रम संचालन गरी आत्मनिर्भर वनाउन विशेष पहल गरिने छ ।

**पर्यटन विकास :**

१.	प्राकृतिक, साँस्कृतिक, जैविक विविधता संरक्षण प्रवर्द्धन गर्दै खाँडाचक्र नगरपालिकालाइ रमणीय सुरक्षित गन्तव्य स्थानको विकास गरिने छ ।
२.	ऐतिहासिक कोटदरवार क्षेत्रमा पार्क र वाल उद्यान केन्द्र निर्माण गरी थप व्यवस्थित गर्नका लागि आवश्यक व्यवस्था गरिने छ ।
३.	चुलिमालिका पंचदेवल मन्दिर, कोटदरवारलाई धार्मिक तथा ऐतिहासिक पर्यटन क्षेत्रकोरुपमा विकास गरी आन्तरीक तथा वाह्रय धार्मिक पर्यटकहरुलाइ भित्राउन आवश्यक पुर्वाधार विकास गर्ने व्यवस्था मिलाईने छ ।
४.	विभिन्न पाटन क्षेत्र, स्थानीय धार्मिक स्थान, कर्णाली दोभान लगायतका थुप्रै पर्यटकीय क्षेत्रहरुको संरक्षण गरी चलचित्र पर्यटनकोरुपमा विकास गरिने छ ।
५.	पिलिलाइ युद्ध पर्यटकीय क्षेत्रकोरुपमा थप विकास गरिने छ ।
६.	यस नगरपालिका वडा नं. ६ स्थित थोरेमा रहेको प्राकृतिक नेपालको नक्साको संरक्षण गरी प्रचार प्रसार गर्न विशेष जोड दिइने छ ।
७.	पर्यटन विशेष सुरक्षा नीति अवलम्वन गरिने व्यवस्था मिलाईने छ ।
८.	खाँडाचक्र नगरपालिका भित्रका होटेल तथा अन्य ब्यबसायीहरुलाई पर्यटक मैत्री सुचना प्रवाह पर्यटक आकर्षक गर्ने ब्यबस्था गर्न आबश्यक तालिम तथा स्तर बृद्धि गर्ने ब्यबस्था मिलाईने छ ।
९.	यस नगरको वजार क्षेत्रमा रहेको लुवारेकोट पर्यटन पार्कलाई थप व्यवस्थीत गरिने छ ।
१०.	कालिकोट जिल्लाकै प्रसिद्ध चुलिमालिका मन्दिर, जिउली र नैनीकाधमा धर्मशाला निर्माण भईरहेकाले उक्त कार्य चालु आ.व.मा सम्पन्न गरि पर्यटकीय क्षेत्रको विस्तार गरिने छ ।
११.	वडा नं. ६ मा रहेको तिसेली गुफालाई प्रचार प्रसार गरी पर्यटकीय क्षेत्रकोरुपमा विस्तार गरिने छ ।
१२.	पर्यटन प्रवर्द्धन विकास गर्ने र पर्यटन विकासका लागि पाईप लाईनमा रहेका खाडाचक्र कोटदरवार र नरहरीनाथ गाउपालिकाको कोटवाडा वीच र खाडाचक्र देखि चुलीमालिका केवलकार निर्माणमा विशेष पहल सहित अतिथि देव भवःको भावलाई पालिकामा व्यवहारिक अभ्यास गरिने छ ।
१३.	नगर क्षेत्र भित्रका पुरातात्विक तथा सास्कृतिक ऐतिहासिक सम्पदाहरुको संरक्षण एवं सम्वर्द्धनका लागि विशेष पहल गरिने छ ।
१४.	एक घर एक रुख, एक गाउँ एक वन, एक शहर अनेक उद्यानको नीतिलाई यसै वर्ष देखि निरन्तरता दिईने छ ।

**उद्योग वाणिज्य :**

१. नगरपालिका क्षेत्र भित्रका उद्यमी तथा व्यवसायीहरुलाइ प्रवर्द्दन गरी छरिएका साना व्यवसायी एकिकृत तथा साना व्यवसायी उद्यम सञ्चालनमा सहयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

२. यस नगरपालिकामा उपलव्ध जडिवुटिहरु प्रसोधन तथा प्रोसेसिङ्ग कार्य गर्न जडिवुटि उद्योग सञ्चालन गरी आन्तरिक आयमा बृद्धि गरिने छ ।

३. यस नगरपालिकाका वजार क्षेत्र तथा सडक छेउछाउका साना वजार, गाउघरमा रहेका होटल पसल तथा साना व्यवसायी दर्ता गर्न लगाई सुचिकृत गरिने छ ।

४. दर्ता भई सञ्चालनमा आएका व्यवसायीहरुलाई करका दायरामा ल्याई नगरपालिकाले लिएको आगामी वर्षको राजश्व संकलनको लक्ष्य पुरा गर्न कार्यविधि निर्माण गरी कडाईका साथ कार्यान्वयनमा ल्याइने नीति लाई निरन्तरता दिइने छ ।

५. नगरपालिका भित्रका वेरोजगार युवा युवती, सहिद परिवार, घाईते अपांगहरुका लागि नयाँ प्रविधि युक्त सिप विकास कार्यक्रम अन्तर्गत रोजगार सिर्जना गरिने व्यवस्था मिलाईने छ ।

६. खाँडाचक्र नगरपालिका भित्र अति गरिव परिवारलाई लक्षित गरी साझा सुविधा केन्द्रको स्थापना गरी आवश्यक सेवा सुविधाको व्यवस्था मिलाईने छ ।

७. लघु तथा घरेलु उद्योग विकास संचालन गरिरहेको उद्यमीहरुलाई आवश्यकताको आधारमा सिपविकास तालिम तथा प्रविधि हस्तान्तरण गरिने छ ।

८. स्थानीय श्रम, सिप तथा स्रोत साधनको अधिकतम परिचालन गर्दै दिगो औद्योगिक विकास कायम गर्न र लघु घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गर्ने लक्ष्य लिइने छ ।

**सहकारी :**

१. नगरपालिकाका क्षेत्रभित्र कार्यक्षेत्र वनाई सहकारी डिभिजन कार्यालयवाट हस्तान्तरण भएका सम्पुर्ण सहकारी संस्थालाइ थप व्यवस्थित गराईने छ ।

२. सहकारी बिकास तथा प्रर्बद्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न विशेष व्यवस्था गरिने छ ।

३. गरिवी निवारणकोषवाट प्रवर्द्धित सामुदायिक संस्थाहरुमा रहेको घुम्ती कोषको रकमको लगत राख्ने र सो रकम मार्फत रोजगारी सृजना, आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गर्न सामुदायिक संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरण गरिने छ ।

४. सहकारीहरु संस्थाहरु आन्तरिक अर्थतन्त्रको महत्पूर्ण खम्बाको रुपमा भएकाले उद्यममुखी सहकारी कार्यक्रमलाई प्रोत्साहन गर्दै कृषि क्षेत्र, लघु उद्यमशिलतालाई प्राथमिकतामा राखी युवा स्वरोजगार कार्यक्रम सृजना गर्ने समुह सहकारीलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गरिने छ ।

## ख.) सामाजिक विकास क्षेत्र

**शिक्षा :**

१. नेपाल सरकार आ.व. २०७९/०८० को नीति कार्यक्रम एवम वजेटमा वालविकास केन्द्रका वालविकास सहजकर्ताहरु र विद्यालय कर्मचारीहरुको न्युनतम पारीश्रमीक १५ हजार पुयाउने नीति वमोजिमको व्यवस्थालाई निरन्तरता दिईएको छ ।

२. खाँडाचक्र नगरपालिका भित्रका सम्पुर्ण शैक्षिक संस्थाहरुमा शिक्षा सुधार योजना र शिक्षा सुधार रणनीति कार्यान्वयनमा ल्याईने छ ।

३ .यस नगरपालिका भित्र रहेका सम्पुर्ण बाल बिकास केन्द्र, सामुदायिक बिद्यालयहरु बाल मैत्री, अपांग मैत्री वनाउनुका साथै विद्यार्थी संख्याको आधारमा पर्याप्त शैक्षिक सामाग्री, पुस्तकालय, छात्र/छात्रा शौचालय, खेल मैदान निर्माण, स्वच्छ खानेपानी तथा स्वच्छ वातावरण सृजना गर्न पहल गरिने छ ।

४. यस नगरपालिका भित्रका सम्पुर्ण बिद्यालयहरुमा आर्थिक पारदर्शिता, सुशासन कायम गरी सर्वपक्षीय सुधार गर्न बिद्यालय सुधार योजना (SIP) निर्माण गरी कार्यान्वयन गर्न लगाईने छ । सो कार्य भए/नभएको नियमित अनुगमन गरिने छ ।

५. बालबालिकाहरुका सर्बाङ्गिक बिकासका लागि बिद्यालय स्तरीय तथा अन्तर बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलापहरु संचालन तथा बिद्यालय स्तरीय बाल क्लब गठन तथा पुनर्गठन र अभिभाबक, शिक्षक, बिद्यार्थी बिच गुणस्तरीय शिक्षा सम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

६. यस नगरपालिका भित्रका सामुदायिक अध्ययन केन्द्रहरुलाई व्यवस्थितरुपमा सञ्चालन गरी सुचना केन्द्रकोरुपमा विकास गरिने छ ।

७. शिक्षाको गुणस्तर वृद्धिका लागि शिक्षक तालिम, शैक्षिक सामग्री निर्माण, शिक्षक-अभिभावक, विधार्थी व्यबस्थापन समिति बिच अन्तरक्रिया भेला, अभिभावक भेला गरिने छ ।

८. यस नगरपालिका भित्र प्रारम्भिक बालबिकास ब्यबस्थापनलाई उच्च प्राथमिकता दिदै संचालित बालबिकास केन्द्रहरुलाई ब्यबस्थापन गर्न नगरपालिकावाट थप भएका बाल बिकास केन्द्रलाई ब्यवस्थित गरिने छ ।

९. यस नगरपालिकामा संचालित केहि विद्यालयहरुलाई ब्यवस्थित वनाउनका लागि प्रयोगमा ल्याईएको डिजिटल हाजिरीको प्रभावकारी अनुगमन गरिने छ ।

१०. यस नगरपालिका भित्रका सवै विद्यालयहरुमा वृक्षारोपण गरी हरियाली पूर्ण विद्यालय निमार्ण गरिने छ ।

११. यस नगरपालिका भित्रका बिपन्न, दलित, टुहुरा, असहाय, द्वन्द्व पिडित तथा जेहेन्दार छात्र/छात्राहरुका लागि नगर छात्रबृत्ति कोष मार्फत उच्च शिक्षा तथा प्राबिधिक शिक्षा तर्फ पठन पाठनका लागि छात्रबृत्तिको ब्यबस्था र शैक्षिक सामग्री उपलब्ध गराईने छ ।

१२. विद्यालयमा पठन पाठनलाई व्यवस्थित वनाइ शिक्षकहरुको क्षमता पुनर्ताजगी गर्नको लागि तालिमको व्यवस्था गरिएको छ ।

१३. कोभिड १९ जस्ता आउन सक्ने महामारीवाट प्रभावित वालवालिकाहरुलाई रेडियो शिक्षा, समुदाय शिक्षक परिचालन शिक्षावाट वालवालिकालाई गृहकार्य, वैकल्पीक शिक्षण शिकाई क्रियाकलाप जस्ता कार्यकमवाट पठनपाठनको ब्यवस्था मिलाईने छ ।

१४ यस नगरपालिका भित्र संचालित विद्यालयहरुको शिक्षक/विद्यार्थीहरुवाट उत्कृष्ठ पहिचान गरी पुरस्कारको ब्यवस्था गरिने छ ।

१५. यस नगरपालिका भित्रका सबै बाल विकास केन्द्र, गुरुकुल विद्यालयहरु बाल, अपाङ्गता, लैंगिक रुपमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको सुनिश्चिता गरी तीन तारे विद्यालयहरुको विकास बिस्तार तथा घोषणा गर्ने कार्य गरिने छ ।

१६. विद्यालय शिक्षा क्षेत्रमा सहयोग गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग साझेदारी कार्यक्रम संचालन गर्न समन्वय तथा सहकार्य गरी विद्यालय शिक्षा कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिने छ ।

१७. यस नगरपालिकाको पंचदेवल माविलाई नमूना विद्यालय घोषणाका लागि आवश्यक पर्ने पुर्वाधार तयारका लागि आवश्यक ब्यवस्था मिलाईने छ ।

१८. प्रविधि मैत्री शिक्षा कार्यक्रम संचालनका लागि नगर क्षेत्र भित्रका सवै विद्यालयहरुमा विशेष पहल गरिने छ ।

१९. यस नगर भित्रका कक्षा ८, १० र १२ को परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने जेहेन्दार विद्यार्थीलाई नगद पुरस्कार सहित सम्मान गर्ने ब्यवस्था मिलाईने छ ।

२०. सबै विद्याालय उमेरका बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षाको पहुँच बढाउन प्रारम्भिक बाल कक्षाका निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्था, सरसफाई, खेलकुद सामाग्री, सिकाई सामाग्री, मनोरन्जन सामाग्री, रेडियो कार्यक्रम, कक्षा कोठा व्यवस्थापन, करेसाबारी आदिमा लगानी गरी बालमैत्री विद्ययालयको व्यवस्थापनमा जोड दिई नमुना बिद्यालय बनाईने छ ।

२१. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँच बढाउन विद्यलय भर्ना कार्यक्रमलाई थप व्यवस्थित गरिने छ ।

२२. विद्यालयमा अध्ययनरत सम्पुर्ण बालबालिकाहरुमा स्वास्थ्य र पोषणको पहुँच पुर्याउन सबै विद्यालयहरुमा कम्तीमा वर्षको २ पटक स्वास्थ्य जाँच सेवा उपलब्ध गराउन स्वास्थ्य संस्था र विद्यालय नर्सलाई परिचालन गरिने छ ।

२३. नगरपालिका भित्र संचालित ट्युसन, कोचिङ्ग सेन्टर, शैक्षिक परामर्श केन्द्र, आवधिक छोटो अवधिका तालिम लगायत विद्यालय वाहिर हुने अध्यापन तथा शैक्षिक क्रियाकलापहरुलाई प्रभावकारीरुपमा ब्यवस्थापन गरिने छ ।

२४. यस नगरपालिका क्षेत्र भित्र वसोवास गर्ने आधारभूत तहमा अध्ययनरत अपांग, असहाय, टुहुरा वालवालिकाको निम्ती आवासीय विद्यालय संचालन गर्ने ब्यवस्था मिलाईने छ ।

२५. यस नगरपालिका भित्र निजी क्षेत्रवाट संचालित समता स्कुल लगायत अन्य शैक्षिक संस्थाको ब्यवस्थापन पक्षलाई सुधार गरिदै लिईने छ ।

**युवा तथा खेलकुद :**

१. यस नगरपालिका भित्रका वेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम र नगरपालिकाका पूर्वाधार तर्फका योजनाहरुमा साझेदारी कार्यक्रम मार्फत रोजगार ब्यवस्थापन सूचना प्रणालीमा दर्ता भएका वेरोजगार युवालाई रोजगारीको सृजना गरिने ब्यवस्थालाई निरन्तरता दिईने छ ।

२. यस नगरपालिका भित्रका युवाहरुलाई प्रबिधि बिकास, सिप बिकासमा विशेष जोड दिदै आबश्यक नीति, नियम र कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

३. यस नगरपालिका भित्रका युवा उद्यमी तथा उद्योग संचालन गरी रोजगारी सृजना गरिने उद्योग तथा उद्यमीहरुलाई प्रोत्साहनको ब्यबस्था मिलाईने छ ।

४. यस नगरपालिकामा खेलकूद कार्यबिधि निर्माण गरी नगर स्तरीय तथा वडा स्तरीय खेलकूद समिति गठन गरी सोही अनुसार परिचालन गरिने छ ।

५. यस नगरपालिकामा नगर स्तरीय खेलकूद मैदान निर्माण गर्ने तथा एक वडा एक खेल मैदान निर्माण गर्ने कार्यलाई विशेष जोड दिईने छ ।

६. नगर स्तरीय तथा जिल्ला स्तरिय संचालन हुने खेलकूद प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्डलाई नियम संगत अनुशासित र मर्यादित बनाउदै प्रतिस्पर्धी खेलाडी उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादनमा बिशेष जोड दिईने छ ।

७. यस नगरपालिकाका युवा शक्तिको जीवन स्तर सुधार एवं सम्वृद्ध गर्नका साथै विभिन्न कुलतवाट टाढा राख्नका साथै किशोर/किशोरीहरुको आफ्नो आत्म सुरक्षा र स्वस्थ हुनका लागि कराते खेल, ब्याडमिन्टन, टेवुल टेनिस, वास्केटवललाई विशेष प्राथमिकता दिईने छ ।

## खानेपानी तथा सरसफाइ :

१. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी तथ्यांकहरुको नियमित अध्यावधिक तथा व्यवस्थापन गर्ने । साथै खानेपानी, सरसफाई तथा स्वच्छता सेवा नपुगेका बस्तीहरुको पहिचान गरी प्राथमिकताका आधारमा सेवा सुनिश्चितता गर्न विशेष पहल गरिने छ ।

२. खानेपानीको सतह तथा भुमिगत पानीको श्रोतहरुको जलाधार क्षेत्रलाई पानीका गुणस्तर र परिमाण कायम राख्न जलाधार क्षेत्रको संरक्षण एब सर्म्वद्धन गरी पानीको मुल परीक्षण गर्ने कार्यलाई उपभोक्ता समुहवाट निरन्तरता दिने व्यवस्था मिलाईने छ ।

३. खानेपानी, सरसफाइ तथा स्वच्छताका कृयाकलापहरुको समग्र अवस्थाको जानकारी अध्यावधिक गर्न एवं सुचनामा आधारीत योजना तर्जुमा निर्माण गर्नका लागि खानेपानी मन्त्रालय अन्तर्गतको खानेपानी ढल व्यवस्था विभागले निर्माण गरेको ऐनवास मोवाइल एप्लिकेशन प्रयोग गरी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छताको आवधिक योजना निर्माण गर्ने र यथाशक्य कार्यान्वयनका लागि पहल गरिने छ ।

४. नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको निर्माण गरी सुरक्षित एबं पहुँचयुक्त स्वास्थ्य सेवाको उपलब्धताको बातावरण निर्माण गरिने छ ।

५. नगरपालिका भित्रका सबै बस्तीहरुमा फोहोरको उचित ब्यवस्थापन तथा विर्सजनका लागि जनचेतना अभिबृद्धिका साथै फोहर ब्यवस्थापनको नीति लाइ कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।

६. नगरपालिका भित्रका सबै सार्बजनीक स्थलहरुमा ब्यवस्थित खानेपानी, शौचालय र साबुन पानीले हात धुने सुबिधा निर्माण तथा ब्यवस्थापन गर्न पहल गरिने छ ।

७. खानेपानी तथा सरसफाई क्षेत्रको मर्मत, संभार तथा निर्माण गर्दा जलबायु तथा बिपद् उत्थानशिलता सम्बन्धी क्रियाकलापहरुलाई अनिवार्य रुपमा आत्मसाथ गरी कार्यान्वयन गरिने छ ।

८. सार्बजनिक यातायात तथा बस बिसौनी र अन्य सार्बजनिक क्षेत्रमा भएका सार्बजनिक शौचालय मर्मत गरी थप सार्वजनिक शौचालय निर्माण गरी संचालनमा ल्याईने छ ।

९. पानीका मुहान सरंक्षणका लागि मुहान वरिपरी बृक्षारोपण गरी वातावरण तथा जलबायु परिबर्तन र अनुकुलनका कार्यक्रमहरु संचालन गर्न पहल गरिने छ ।

१०. खाँडाचक्र नगरपालीका वडा नं ५ र ६ मा संचालित ढडार खानेपानी आयोजना आ.व २०७९।०८० मा सम्पन्न गरी वडा ५ र ६ मा खानेपानी वितरण गरिने छ । साथै वडा नं १,२,३ र ४ मा संचालित चुलिमालिमा वृहत खानेपानी आयोजना निमार्ण कार्य तिव्रताका साथ समय सिमा भित्र सम्पन्न गर्न विशेष पहल गरिने छ ।

११. यस नगरपालिकाको वजार क्षेत्रमा सृर्जित फोहोरमैला ब्यवस्थापनका लागि ब्यवस्थित डम्पिङ्ग साईट र उपयुक्त ढल निकासको ब्यवस्थाका लागि आवश्यक पहल गरिने छ ।

१२. नेपाल सरकारको लक्ष्य वमोजिम एक घर एक धाराको नीतिलाई अवलम्वन गर्दै यस नगरपालिकाले प्रत्येक जनताको घर घरमा सुरक्षित खानेपानीको पहुच पुऱ्याई खानेपानी योजनाहरुमा खानेपानी महशुल उठाउने कार्यलाई व्यवस्थित गरी खानेपानीयुक्त नगरपालिका निर्माणका लागि युनिसेफ नेपाल र कर्णाली जल परियोजना लगायत अन्य साझेदार दातृ संस्थाहरुसंग साझेदारी गरी आवश्यक ऐन, नियम तथा मापदण्ड आधारमा सुरक्षित खानेपानी दिगो पहुचको सुनिश्चितताका लागि कार्यक्रमलाई थप निरन्तरता दिई कार्यान्वयन गरिने छ ।

१३. हाम्रो नगर, राम्रो नगर वनाउने उद्देश्यका साथ खाडाचक्र बजारको क्षेत्रको सरसफाई लगायतको उचित व्यवस्था गर्न विशेष पहल गरिने छ ।

१४. जल उपयोग गुरु योजना तयार/अद्यावधिक गरी सोही अनुसार विद्यमान सबै खाले खानेपानी, सिँचाई तथा बहुउपयोगी लगायतका जलस्रोत सँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत ऐन बमोजिम दर्ता एवं अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई नगरपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिने छ ।

१५. पानीका श्रोतहरुको पहिचान गरी त्यसको क्षमता, उपयोग र संरक्षण गर्न नगरपालिका भित्र रहेका सम्पुर्ण पानीका श्रोतहरुको मापन र गुणस्तर परीक्षण गरिने छ, जसबाट गुणस्तरीय र दिगो खानेपानी आपुर्ती तथा बितरणमा सहयोग गरिने छ ।

१६. पृथ्वी सबै जीबको साझा घर हो त्यसैले जलाधार क्षेत्र र जैबिक विविधताको संरक्षण गर्नु हाम्रो दायित्व हो । यसका लागि जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धि आबश्यक नीति तथा कानूनको निर्माण गरी सोही अनुसार जलाधार क्षेत्रको विकास र जैविक विविधता संरक्षण गर्दै पानीका श्रोतको संरक्षण तथा पुनःभरण अभियान संञ्चालन गरिने छ । उक्त अभियान सञ्चालन गर्न दातृ संस्थाहरुसँग समपुरक कोषको प्रावधानलाई समेत प्राथमिकतामा राखिने छ ।

१७. बिभिन्न रोग तथा महामारीबाट बच्न व्यक्तिगत, वातावरणीय, घरयासी सरसफाई र आनीबानी परिबर्तनको महत्वपुर्ण भुमिका रहन्छ यसैलाई मध्यनजर गर्दै **"स्वच्छ निरोगी हामी, नियमित हातधुने बानी"** भन्ने अभियान सञ्चालन गरी आगामी ५ वर्ष भित्र शत प्रतिशत घरमा हात धुने स्टेसन निर्माण कार्यलाई निरन्तरता दिई अभियानरुपमा सञ्चालन गरिने छ । साथै ठोस, तरल तथा दिशाजन्य लेदो फोहोरको व्यवस्थापनका लागि नगरपालिकामा आबश्यक नीति र योजना तयार गरी सोहि अनुसार कार्यान्वयन गरिने छ ।

१८. खानेपानी, सिँचाई लगायतका जलस्रोत सँग सम्बन्धित क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाले सञ्चालन गर्ने कार्यक्रममा दोहोरोपना नहुने गरी समन्वयात्मक ढंगबाट कार्यक्रम सञ्चालनका लागि खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) समन्वय समिति तथा खासस्व ईकाईको स्थापना गरी योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरिनेछ ।

**स्वास्थ्य :**

१. यस नगरपालिकाका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन नसकेका महिलाहरुलाई स्वास्थ्य संस्थाले रेफर गरेमा रेफर गरेको स्वास्थ्य संस्था सम्म निशुल्क यातायात सुविधा प्रदान गर्नका लागि बजेटको व्यवस्था मिलाईएको छ ।

२. स्वास्थ्य चौकि दाहा र पाखामा रहेको वर्थिङ्ग सेन्टरमा गर्भवती, सुत्केरी प्रतिक्षालय भवन निर्माण गरी सेवाका थप विस्ताका लागि बजेटको ब्यवस्था गरिएको छ ।

३. स्वास्थ्य संस्थाहरुमा नियमित गर्भवती जाच र सुत्केरी हुन सेवा लिएका महिलाहरुलाई जनप्रतिनिधिको कोशेली कार्यक्रम संचालन बजेटको ब्यवस्था गरिएको छ ।

४. महामारी तथा प्रकोपजन्य रोगहरुको समयमा व्यवस्थापन गर्न आवश्यकता अनुसार चेतनामुलक कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५. महामारीको अवस्थाको रोकथामका साथसाथै कुपोषण न्युनिकरणमा स्वच्छ पानी र जोखिमपुर्ण अवस्थामा हात धुने बानी तथा ब्यवहारले ४३ प्रतिशत सम्म कुपोषण रोकथाम हुने हुदा वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय र नगरपालिकामा साबुन पानीले हातधुने स्थानको ब्यवस्था गरिने छ ।

६. नगर तथा जिल्लामा उपलब्ध जडीवुटीको व्यवस्थापन गर्न नगरस्तरीय आयुर्वेद औषधालयलाई थप ब्यवस्थित गरी संचालन गरिने छ ।

७. नगरपालिका स्तरीय स्वास्थ्य क्षेत्रको आवधिक योजना तयार गरी कार्यान्वयन गरिने छ ।

८. लामो समयमा काम गर्दै आइरहेका महिला स्वास्थ्य स्वयमसेविकालाई सम्मानजनक विदाई गरिने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

९. स्थापित आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई नियमित संचालनका लागि आवश्यक वजेट व्यवस्थापन गरिने छ ।

१०. स्वास्थ्य सेवाको पँहुच भन्दा टाढा रहेका वस्तीहरुको सामुहिक नक्सांकन गरी सुक्ष्म योजना तयार गरीने छ ।

११. गर्भवती महिलालाई स्वास्थ्य स्थितिको जाँच तथा संस्थागत सुत्केरीको संस्थामा बृद्धि गर्न र मातृ तथा नवशिसु मृत्युदरलाई घटाउन मेरो वावालाई चिठी र गर्भवती महिलाई निमन्त्रणा कार्ड वितरण गरिने छ ।

१२. स्वास्थ्य संस्थामा आउने विरामीहरुलाई नेपाल सरकारले तोके अनुसार निशुल्क औषधी उपलब्ध गरिने छ ।

१३. खाँडाचक नगरपालिकालाई पुर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम राखी २ वर्ष मुनिका वालवालिकाहरुलाई पुर्णखोप प्रदान गरिने छ ।

१४. कोभिड १९ खोपलाई थप प्रभावकारीरुपले संचालन गरी पुर्णखोप सुनिश्चितता नगरपालिका घोषणा गर्न विशेष पहल गरिने छ ।

१५. यस नगरपालिकालाई लागु औषध, धुम्रपान, मद्यपान र जंकफुड रहित वनाउन विभिन्न संघ संस्थाहरुको समन्वयमा सचेतनामुलक कार्यक्रम संचालन गरी लागु औषध तथा मद्यपान र जंकफुडको प्रयोगलाई निरुत्साहित गर्न विशेष पहल गरिने छ ।

१६. यस नगरपालिकामा सुनौला हजार दिनका आमाहरुलाई आमा र वालवालिका लक्षित वहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गर्न यस नगरपालिले थप समपुरक कोष समेत बजेट ब्यवस्था गरेको छु ।

१७. खाद्य असुरक्षा तथा पोषणको जोखिममा बढी महत्व दिई आधारभूत खाद्य उपलब्धता सुनिश्चित गर्न “बहु क्षेत्रिय पोषण योजना-दोस्रो” अनुसार स्वास्थ्य, शिक्षा, कृषि, पशु, खानेपानी तथा सरसफाईसँग सम्बन्धित कार्यक्रमहरु एकीकृत गरी लक्षित समुदायमा कार्यान्वयन गरीने छ ।

१८. गर्भवती, सुत्केरी एवं नवजात शिशु स्याहारमा विशेष महत्व दिन “हरेक बार खाना चार” सबैका घर/घरमा करेसाबारी बनाउन महिला स्वास्थ्य स्वयंसेविका एवं स्वास्थ्य क्षेत्रमा कार्यरत सघं संस्थाहरुसँग सहकार्य, समन्वय गरी परिचालन गरिने छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण :**

१. वन्चितीकरणमा परेका समुदायका किशोर किशोरीहरुको क्षमता विकास र आय आर्जनका क्रियाकलाप संचालन गरिने छ ।

२. खाँडाचक्र नगरपालिका भित्रका दलित समुदायलाई समानुपातिक समावेशी तथा अर्थपुर्ण सहभागितामा पहुँच अभिवृद्धि गरी सीपविकास, स्वरोजगारमुलक, आत्मनिर्भर कार्यक्रमा मार्फत सेवामा पहुँच अभिवृद्धि गरिने छ ।

३. यस नगरपालिका भित्रका द्धन्द प्रभावित टुहुरा, अनाथ, हराएका, वेवारिसे अवस्थामा फेला परेका, बाबु आमा वा संरक्षकबाट बन्चित भएका, यौन शोषण, यौन दूर्व्यवहार, बेचबिखनमा परेका, सडक आश्रित, कुनै दुर्घटना, मानव सिर्जित वा प्राकृतिक प्रकोप वा विपदमा परेका, विपन्न तथा जेहेन्दार वालवालिकाहरुको लागि ब्यवस्था मिलाईने छ ।

४. घरेलु हिंसा, लैंगिक हिंसा, बालश्रम, जातिय बिभेद अन्त्य गर्नका लागि लक्षित बर्गको बजेटबाट बिशेष कार्यक्रम बनाई अभियानको रुपमा संचालन गरिने छ । साथै उक्त घोषणा गर्ने गाउँ टोल र वडाहरुलाई बिशेष पुरस्कारको ब्यबस्था मिलाईने छ ।

५. वालविवाह न्यूनीकरण गर्न प्रभावकारी नीति अवलम्वन गरिने छ ।

६. यस नगरपालिका भित्रका लक्षित वर्गहरु महिला, जनजाती, दलित, फरक क्षमता भएका, जेष्ठ नागरिक, एकल महिला, द्धन्द पिडित, घाईते तथा वालवालिका लगायत अन्य समुहका लागि आयआर्जनमुलक कार्यक्रम संचालन गरी आत्म निर्भर वनाउन आवश्यक बजेटको ब्यवस्था मिलाईने छ ।

७. यस नगरपालिकाकाको सूचना प्रणालीलाई चुस्त र दुरुस्त राखी सेवाग्राहीलाई सूचनाको हक अनुभुती हुने गरी पारदर्शी तथा प्रभावकारीरुपमा ब्यवस्था मिलाईने छ ।

८. लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागि महिला, एकल महिला, दलित, अल्पसंख्यक जात/जाति, सामाजिक भेदभाव, न्यूनिकरण गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता व्यवसायिक तालिम प्रदान गर्ने ब्यवस्था मिलाईने छ ।

९. महिला अधिकार र कर्तव्य सुनिश्चिततताका लागि सबै टोलहरुमा वालक्लव, किशोर किशोरी समुहको पहुँच पुर्याउन समिति/समुहहरुलाई पालिकामा दर्ता गरी व्यवस्थित र जवाफदेहिता बढाउने नीतिलाई अवलम्वन गरिनेछ ।

१०. समुदायमा योगदान गर्ने व्यक्ति, सघं सस्था, एवं जेष्ठ नागरिकहरुलाई सम्मान तथा सहयोग कार्यक्रम संचालन गर्ने ब्यवस्था मिलाईने छ ।

**भाषा तथा साँस्कृतिक :**

१. परम्परागत ज्ञान सिप र कलाको संरक्षण प्रर्बद्धन र बिकास गरी नयाँ पुस्ताका लागि हस्तान्तरण गर्ने वातावरणको सृजना गरिने छ ।

२. स्थानीय श्रोत साधनबाट निर्माण गरिएका बस्तुहरुको बजारीकरण गर्न कोसेली घरको स्थापना गरिने छ ।

३. परम्परागत भाषा संस्कृतिको जगेर्ना गर्दै प्रंचार प्रसारमा विशेष जोड दिईने छ ।

४. यस नगरपालिका भित्रका विभिन्न धार्मिक, पुरातात्विक, सास्कृतिक सम्पदाको संरक्षण गर्दै पर्यटन विकास मार्फत स्वरोजगारको सृजना गरिने छ ।

५. यस नगरपालिकाको होम स्टे (घरवास) संचालन कार्यविधि २०७७ वमोजिम यस पालिकामा नियमानुसार दर्ता भएका होम स्टेहरुलाई नमूनाकोरुपमा ब्यवस्थित गरी संचालनमा ल्याउन पहल गरिने छ ।

## ग) पुर्वाधार विकास क्षेत्र

१. यस खाँडाचक्र नगरपालिकावाट हालसम्म सडक संजालमा नजोडिएको वडा नं ११ को वडा केन्द्र सम्म सडक संजाल जोड्न आ.व. २०७९/०८० मा पुऱ्याउने लक्ष्यका साथ विशेष वजेटको व्यवस्थाका लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

२. यस नगरपालिका भित्रका निर्माण भई सकेका र निर्माणाधिन अबस्थामा रहेका सडकहरुको सडक स्तर कायम राख्न तथा नियमित मर्मत सम्भार गर्नका लागि सडक बोर्ड नेपाल तथा नगरपालिकाको साझेदारीमा नियमित मर्मत सम्भार कार्यलाई थप निरन्तरता दिइने छ ।

३. खाँडाचक्र नगरपालिका र वडा कार्यालयहरुको आफ्नै भबन नभएकाले भौतिक संरचना निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराई भवन निमार्ण कार्यको लागि सम्वन्धित निकायको समन्वयमा आवश्यक बजेटको लागि पहल गरिने छ ।

४. यस नगरपालिकाको क्षेत्र भित्र नदी, नाला तथा खोलाहरुमा आबश्यकता अनुसार निमार्ण हुन वाकीं पक्की पुल, झो.पु., कल्भर्ट निर्माणका लागि प्राथमिकताका आधारमा निर्माण कार्य अघि वढाउन सम्वन्धित निकायमा आवश्यक पहल गरिने छ ।

५. यस नगरपालिका भित्रका विद्युत लाईन विस्तार हुन वाँकी वडाहरुमा आगामी आ.व. २०७९/०८० मा विद्युतीय लाईन विस्तार तथा सुधार गरी वत्ति वाल्न पहल गरिने छ ।

६. यस खाँडाचक्र नगर सभावाट विधिवतरुपमा छनौट भई आएका तथा नगरपालिकाले आवश्यकता महशुस गरेका पुर्वाधार लगायत अन्य योजना तथा आयोजनाहरु संचालनका लागि संघीय सरकार, प्रदेश सरकार र विभिन्न दातृ निकायहरु लगायत विकास साझेदार निकायहरुसंग समन्वय गरी योजना कार्यान्वयनका लागि विशेष पहल गरिने छ ।

७. यस नगरपालिकाको वडा नं. ५ ढाडगाउ लगायतका अन्य संभावित ठाउहरुमा लिफ्ट सिचाई योजना संचालनका लागि विशेष पहल गरिने छ ।

८. शहिद, वेपत्ता, घाईते, अपांग तथा अति विपन्न परिवारहरुका लागि आवास कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

९. वैकल्पिक उर्जा कार्यक्रम संचालनका लागि सार्वजनिक जग्गाको ब्यवस्था गरिने छ ।

१०. यस नगरपालिकाका नागरिकहरुलाई विशेषज्ञ स्वास्थ्य सेवामा पहुच वृद्धि गर्न नगर अस्पताल निर्माण तथा संचालनका लागि सम्वन्धि निकायमा आवश्यक पहल गरिने छ ।

११. यस नगरपालिकाका युवाहरुको खेदकूद विकासका लागि नगर रंगशाला निर्माण गर्न विशेष पहल गरिने छ ।

१२. कालिकोट जिल्ला स्थित ताडिमा रहेको कालिकोट जिल्लाकै एक मात्र वसपार्कलाई स्तरोन्नती गरी ब्यवस्थित तरिकाले सुचारु गर्नका लागि विशेष ब्यवस्था गरिने छ ।

१३. खाँडाचक्र नगरपालिकाको गिठापानी - डोल्पाटा - सिम्डील - थक्लेनी - रेंगिल हुदै कर्णाली करिडोर जोडने सडक निर्माण तथा सुधार गर्न आवश्यक पर्ने वजेट व्यवस्थाका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

१४. खाँडाचक्र नगरपालिका वडा नं. १ मा वास्केटवल खेलमैदान, पर्यटन प्रवर्द्धनका लागि वडा नं. ११ स्थित रेंगिलमा शिवलिंग निर्माण, वडा नं. १ स्थित नावगैरामा २ कोठे इसिडि भवन निर्माण र वडा नं. ११ मा वालाचौर देखि खातीगाडा सम्म सिचाई कुलो निर्माणका लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

## घ.) सुशासन तथा अन्तर सम्वन्धित

### विपद् व्यवस्थापन

१. यस नगरपालिका भित्रका स्वच्छ वातावरण कायम राख्न वजार व्यवस्थापन र फोहोर मैला व्यवस्थापनका लागि योजना निमार्ण गरि सरसफाइ कार्य लाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।

२. यस नगरपालिका क्षेत्र भित्र आइपर्ने वाढी पहिरो, आगलागी जस्ता विपद्वाट पिडित घर परिवार तथा व्यक्तिलाई तत्काल उद्दार तथा राहत पुर्नस्थापनाका लागि विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ ।

३. यस नगरपालिकाको सम्पुर्ण नाङ्गा डाँडापाखा, खाली जमिनमा वृक्षारोपण गरी हरियाली नगर वनाउन प्रत्येक वडामा कृषि तथा वन नर्सरी निर्माणका लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिने छ ।

४. यस नगरपालिका भित्रका सम्पुर्ण सामुदायिक वनहरुलाई सुचिकृत गरी दिगो वन ब्यबस्थापनको कार्यमा राम्रो काम गर्ने सामुदायिक वन उपभोक्ता समुहहरुलाई मापदण्ड निर्धारण गरी पुरस्कृत गर्ने ब्यबस्था मिलाईने छ ।

५. यस नगरपालिकाको नगर प्रोफाईल तयारीका लागि विभिन्न दातृ निकायहरुसंग समन्वय गरी डिजिटल प्रोफाईल तयार गर्न आवश्यक ब्यवस्था मिलाईने छ ।

६. यस नगरपालिकाका क्षेत्र भित्रका पानीका स्रोतहरु, संवेदनशिल एवं संकटासन्नता र जोखिममा रहेका स्थानहरुमा वृक्षारोपण गर्ने, मुहान संरक्षण र सदुपयोग गर्ने र व्यवस्थित सिंचाई व्यवस्थापन गरिने छ ।

७. यस नगरपालिकाका कृषि योग्य भूमीमा दिगो एवं भरपर्दो सिचाई सुविधा बढाउन जलशायहरुको मुहान संरक्षण र वृक्षारोपण (जडीबुटी, फलफूल, घाँसे विरुवा) गरी कृषि र पशुपालनको क्षेत्र सुधार गरिने छ ।

८ विपद जोखिम न्यूनिकरण र जलवायू परिवर्तन अनूकूलनसँग सम्बन्धित “पूर्व तयारी तथा प्रतिकार्य योजना”, “विपद व्यवस्थापन कोष संचालन कार्यविधि” व्यवस्थापन ऐन निर्माण परिमार्जन गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याईने छ ।

९. पालिकामा गठन भएको नगर स्तरीय विपद ब्यवस्थापन समितिले यस नगरपालिकामा आपतकालिन कार्य संचालन केन्द्र (LEOC) लाई व्यवस्थित गराई विपदसँग सम्बन्धित सूचना तथा जानकारीहरु एकद्धार प्रणाली मार्फत गराईने छ ।

१०.. मौसम पुर्वानुमान प्रविधि र उपकरणको प्रयोगका लागी एफ. एम. रेडियोहरु मार्फत सूचना प्रसार गर्ने साथै बनेका निति तथा निर्देशिकाहरु समय अनुकुल update गरीनेछ ।

११. वढ्दो जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न यस नगरपालिका भित्रका सवै घरधुरीमा सुधारीएको चुलो वितरण कार्यलाई निरन्तरता दिई पम्परागत चुलोमा हुने दाउराको खपत कम गर्नुका साथै वनजंगलको विनासलाई न्यूनीकरण गरी महिला तथा वालवालिकाहरुमा धुवाबाट हुने असरहरुको कमी गरिने छ ।

१२. यस नगरपालिकालाई पलास्टिक झोला मुक्त खाँडाचक्र नगरपालिका वनाउने व्यवस्था मिलाईने छ ।

## जलवायु परिवर्तन

१. जलवायु परिवर्तनको कारणले संकटासन्नता तथा जोखिममा रहेको पालिका अर्न्तगत रहेका वडा, बस्ती तथा विभिन्न विषयगत क्षेत्रहरूको संकटासन्नता तथा जोखिम विश्लेषणको आधारमा जलवायु परिवर्तन अनुकूलन तथा जलवायु उत्थानशील विकास कार्यक्रमहरु पहिचान गरि प्राथमिकिकरणको आधारमा आगामी बर्षको कार्यक्रम तथा नीतिले अगाडी बढाउनेछ । जलवायु परिवर्तन अनुकूलन र उत्थानशील सम्बन्धी तयार भएको स्थानीय तहको वैधानिक दस्ताबेजहरुलाई आधार बनाएर तर्कसंगत योजना छनौटलाई प्राथमिकतामा राखिने छ । क्रियाकलापको प्राथमिकिकरण गर्दा ठुला, बहुअयामिक, दीगो, जल, जलाधार, वनजगंल, कृषि तथा जीविकोपार्जनसगं सम्बन्धित क्रियाकलापको छनौटलाई केन्द्रित गरिने छ । यसको साथै जलवायु परिवर्तनको क्षेत्रमा क्षमता विकास गरी आवश्यक मानव स्रोतको समेत विकास गरिने छ ।

२. जलवायु परिवर्तनको असर तथा प्रभावहरु संग जुध्नको लागि स्थानीय अनुकूलन कार्य योजना पालिकाको नियमित योजना तर्जुमा प्रकृयामा मूलप्रवाहिकरण गर्दै लागिने छ । साथै यस संग सम्बन्धीत एकिकृत योजनारुलाई प्राथमिकतामा राखिने कार्यान्वयन गरिने छ ।

३. यस पालिकामा निरन्तर रूपमा कार्यान्वयनमा रहेको नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम NCCSP -2 लाई निरन्तरता दिईने छ ।

## मानव संसाधन विकास

१. मानव संसाधन विकासका लागि सम्पुर्ण पदाधिकारी, कर्मचारीहरुको क्षमता विकासका साथै थप ज्ञान, सीप र दक्षताका लागि तालिम गोष्ठी, अन्तरक्रिया, अध्ययन तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२. यस नगरपालिकाको आ.व. २०७९/०८० को विनियोजित नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्नका लागि वार्षिक/अर्ध वार्षिक/चौमासिक कार्ययोजना/कार्यतालिका निर्माण गरी कार्यान्वयन गरिने छ । सो कार्यतालिका वमोजिमका सम्पुर्ण भए गरेका काम कार्यको सार्वजनिक सुनुवाइ गरिने छ ।

३. यस नगरपालिका भित्रका विभिन्न वडाहरु तथा नगरपालिका राजश्व असुली कार्यलाई व्यवस्थीत गर्न सफ्टवेयर प्रणाली जडानका लागि आवश्यक ब्यवस्था गरिने छ ।

४. नगरपालिका क्षेत्र भित्र हुने विभिन्न कार्यक्रम, पैरवी, गोष्ठी, भेला, समिति गठन जस्ता कार्यको कार्यान्वयनमा महिला, अपाङ्गता भएका व्यक्ती, दलित, आदिवासी/जनजाती तथा ऐतिहासिकरुपमा वञ्चितीमा परेका सिमान्तकृत वर्गको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको सुनिश्चित हुने किसिमको नीति लिइने छ । सामाजिक कुरितीकोरुपमा रहेको जातीय छुवाछुत, छाउपडी, बोक्सी, बाल बिवाह घरेलु हिंसा लगायतको क्रियाकलापलाई दण्डनीय बनाई त्यस्तो कुरीतिको अन्त्य गर्ने नीति लिइने छ ।

५. यस नगरपालिकाका सवै वडाहरुमा सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता कार्यक्रममा छुटेका नगारिकहरुलाई अनलाईन प्रणालीमा ब्यस्थित गर्न विशेष पहल गरिने छ ।

६. नगरपालिकाको सम्पूर्ण कारवाहीलाई आ.व.२०८९/८० देखि सूचना प्रविधिमैत्री निर्माणका लागि डिजिटाईज प्रविधिवाट प्रविष्ट गर्दै लैजाने ब्यवसथा गरिने छ ।

७. नगरपालिकाको काम कारवाहीलाई पारदर्शी, छिटो छरितोका लागि नगर प्रमुख, नगर उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको कार्य कक्षमा सिसि क्यामेरा जडान गर्ने ब्यवस्था मिलाईने छ ।

८. नगरपालिकाको समग्र उन्नती र प्रगतीका लागि Welcome to development partner (विकास साझेदारहरुलाई स्वागत) गर्ने नीतिको विकास गरिने छ ।

९. यस नगरपालिका क्षेत्र भित्रका युवाहरुको क्षमता विकासका लागि तपसिल वमोजिमका प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक पहल गरिने छ ।

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | एमविविएस डाक्टर | १ | अध्ययन |
| २ | भेटेरीनरी डाक्टर | १ | अध्ययन |
| ३ | ईन्जिनियर | १ | अध्ययन |
| ४ | स्टाफ नर्स | ३ | अध्ययन |
| ५ | सव ईन्जिनियर | २ | अध्ययन |
| ६ | समन्वयकर्ता | १ | तालिम दिईने |
| ७ | कुक | ११ | तालिम दिईने |
| ८ | वेटर | ११ | तालिम दिईने |
| ९ | अटोर्पाटर्स | ११ | तालिम दिईने |
| १० | डकर्मी | ११ | तालिम दिईने |

**सभा अध्यक्ष महोदय,**

अव म आ.व. २०७८/०७९ को आय ब्यय अनुमानको प्रगती विवरण पेश गर्न अनुमती चाहन्छु ।

## आय तर्फ

नेपाल सरकारको अनुदान अन्तर्गत सरकारी वित्तिय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. २६ करोड ३ लाख २३ हजार ३ सय ६६ रुपैया, वित्तिय समानीकरण अनुदान तर्फ रु. १२ करोड ६० लाख, राजश्व वाडफाडवाट तर्फ ७ करोड ४० लाख ६४ हजार, समपुरक अनुदान तर्फ १ करोड ४३ लाख विशेष अनुदान तर्फ २ करोड ६६ लाख गरी जम्मा रु. ५० करोड १२ लाख ८७ हजार ३ सय ६६ रुपैया प्राप्त भएको छ ।

कर्णाली प्रदेश सरकारवाट सशर्त अनुदान तर्फ रु. ३ करोड ३१ लाख ४५ हजार, वित्तिय समानीकरण अनुदान तर्फ रु. १ करोड ३९ लाख २ हजार, राजश्व वाडफाडवाट तर्फ ८ लाख ६७ हजार २ समय ३० रुपैया, समपुरक अनुदान तर्फ १ करोड २० लाख गरी ५ करोड ९९ लाख १४ हजार २ सय ३० हजार प्राप्त भएको छ।

आन्तरीक आय तर्फ रु. १ करोड ५० लाख, अल्या आन्तरीक आम्दानी रु. ६ करोड ८९ लाख ६४ हजार र दातृ निकाय युनिसेफ नेपाल मार्फत रु. ३ कराड २५ लाख ३८ हजार १ सय ५० रुपैया गरी जम्मा रु. ११ करोड ६५ लाख २ हजार १ सय ५० रुपैया गरी कुल रकम रु. **६७ करोड ७७ लाख ३ हजार ७ सय ४६ रुपैया प्राप्त भएको छ।**

**जस मध्ये हाल सम्म :**

नेपाल सरकारको अनुदान अन्तर्गत सरकारी वित्तिय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. १४ करोड ५१ लाख ३४ हजार ९ सय ७० रुपैया, वित्तिय समानीकरण अनुदान तर्फ रु. ८ करोड ६३ लाख ४९ हजार २० रुपैया, राजश्व वाडफाडवाट तर्फ ६ करोड १७ लाख १३ हजार ८ सय ७९ रुपैया, समपुरक अनुदान तर्फ १० लाख ९५ हजार ६ सय २४ रुपैया, विशेष अनुदान तर्फ १ करोड ९१ लाख ६० हजार २ सय ८० रुपैया गरी जम्मा रु. ३१ करोड ३४ लाख ५३ हजार ७ सय ७३ रुपैया खर्च भएको छ।

कर्णाली प्रदेश सरकारवाट सशर्त अनुदान तर्फ रु. १ करोड ७४ लाख ४२ हजार ५ सय ५५ रुपैया, वित्तिय समानीकरण अनुदान तर्फ रु. ८४ लाख ४६ हजार २ सय ४५ रुपैया, राजश्व वाडफाडवाट तर्फ ३ लाख गरी जम्मा २ करोड ६१ लाख ८८ हजार ८ सय रुपैया हाल सम्म खर्च भएको छ।

आन्तरीक आय र अल्या तर्फ ६ करोड ४४ लाख ४८ हजार २ सय ३३ रुपैया र दातृ निकाय युनिसेफ नेपालको रु. १ कराड ६२ लाख ५१ हजार ७ सय ८६ रुपैया गरी जम्मा रु. ८ करोड ७ लाख १९ रुपैया गरी कुल रकम रु. **४२ करोड ३ लाख ४२ हजार ५ सय २ रुपैया (६२ प्रतिशत) खर्च भएको छ।**

अव म आ.व. २०७९/०८० को आय ब्यय अनुमानको प्रगती विवरण पेश गर्न अनुमती चाहन्छु।

**आय तर्फ**

नेपाल सरकारको अनुदान अन्तर्गत सरकारी वित्तिय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. २५ करोड ४२ लाख, वित्तिय समानीकरण अनुदान तर्फ रु. १३ करोड ३४ लाख, राजश्व वाडफाडवाट प्राप्त हुने ८ करोड ९७ लाख २० हजार, समपुरक अनुदान तर्फ १ करोड १५ लाख, विशेष अनुदान तर्फ २ करोड गरी जम्मा रु. ५० करोड ८८ लाख २० हजार रुपैया प्राप्त हुने अनुमान भएको,

कर्णाली प्रदेश सरकारवाट सशर्त अनुदान तर्फ रु. २ करोड ३५ लाख ६० हजार, वित्तिय समानीकरण अनुदान तर्फ रु. १ करोड ३९ लाख २ हजार, राजश्व वाडफाडवाट प्राप्त हुने १० लाख ६८ हजार ४ सय २९ रुपैया, समपुरक अनुदान तर्फ ६८ लाख ७७ हजार, विशेष अनुदान तर्फ ५२ लाख २६ हजार गरी जम्मा रु. ५ करोड ६ लाख ३३ हजार ४ सय २९ रुपैया प्राप्त हुने अनुमान भएको,

आन्तरीक आम्दानी रु. १ करोड वैक मौज्दात अनुमानित रकम रु. ३ करोड र दातृ निकाय युनिसेफ नेपालको ६९ लाख ४० हजार गरी ४ करोड ६९ लाख ४० हजार प्राप्त हुने अनुमान गरिएको छ ।

यसरी संघीय सरकार, प्रदेश सरकार, आन्तरीक आय र युनिसेफ नेपाल दातृ निकाय गरी कुल रकम रु. **६० करोड ६३ लाख ९३ हजार ४ सय २९ रुपैया** प्राप्त हुने अनुमान गरिएको छ ।

**व्यय तर्फ**

आ.व. २०७९/०८० मा नगरपालिका चालु खर्च अन्तर्गत रु. ११ करोड ५४ लाख ९० हजार ४ सय २९ रुपैया, सडक, पुल निर्माण लगायत अन्य पुर्वाधार तर्फ कुल नगर र वडागतरुप पुजिगतरुपमा रु. ८ करोड ७६ लाख, स्वास्थ्य क्षेत्र तर्फ रु. ४० लाख, महिला, वालवालिका तथा लक्षित वर्गका लागि रु. १० लाख, शिक्षा युवा तथा खेदकूद क्षेत्रमा रु. २ करोड ५० लाख, पशु सेवा तर्फ रु. २० लाख, कृषि क्षेत्र तर्फ रु. २५ लाख, शसर्त तर्फ रु. २७ करोड ७७ लाख ६० हजार, समपुरक तर्फ रु. १ करोड ८३ लाख ७७ हजार, विशेष अनुदान तर्फ रु. २ करोड ५२ लाख २६ हजार, युनिसेफ नेपाल दातृ निकाय तर्फ रु. ६९ लाख ४० हजार गरी कुल बजेट रु. **६० करोड ६३ लाख ९३ हजार ४ सय २९ रुपैया** खर्च हुने अनुमान गरेको छु । माथि उल्लेखित विनियोजित अनुमानित बजेट ले सम्पूर्ण विषयगत शाखा, वडागत पुर्वाधार लगायत अन्य विभिन्न विकास निर्माणका कार्य मार्फत खाडाँचक नगरपालिकाको विकास र सम्वृद्धीमा योगदान पुग्ने अपेक्षा गरेको छु ।

अन्तमा,

यस गरिमामय सभामा उपस्थित हुनु भएका सभाका सदस्य ज्युहरु, कर्मचारीहरु आमन्त्रीत महानुभावहरु तथा साभ्फेदार सहभागितात्मक योजना तर्जुमा प्रकृयामा सहयोग पुऱ्याउनु हुने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तावित नीति, कार्यक्रम तथा बजेटले नगरवासीको चाहाना र आवश्यकतालाई परिपुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै सफल कार्यान्वयनमा समेत यहाँहरुको रचनात्मक सुझाव सहित नीति, कार्यक्रम तथा बजेट यही अन्त्य भएको सम्मानीत गरीमामय सभा समक्ष जानकारी गराउँदछु ।

धन्यवाद ।

गणेशवहादुर शाही
नगर उप प्रमुख
२०७९ आषाढ १० गते